# सम्सी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः १ मितिः २०८२/०४/०१

## भाग-१

## सम्सी गाउँपालिका

## आर्थिक ऐन, २०८२

**प्रस्तावनाः** सम्सी गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सम्सी गाउँपालिकाको गाउँसभाको एघारौं अधिवेशनबाट पारित गरी यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन २०८२ साल श्रावण १ गतेदेखि सम्सी गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्र भित्र अनुसूचि १ बमोजिम सम्पत्ति कर/घर जग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि २- बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि३- बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल

गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि ४-बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि ५-बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः**गाउँपालिकाक्षेत्रभित्र दर्ता भएकाप्र देश कानुन बमोजिमको सवारी साधनमा अनुसूचि६- बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि७- बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि ८ - बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि९- मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि १०-बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि ११-मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटन स्थल प्रवेश शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १२ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१४. **कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

राजश्व तथा करका दर सम्बन्धमा

१. <u>घरवहाल करः</u>

गाउँपालिका क्षेत्र भित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा वहालमा दिएमा सम्बन्धित धनीवाट वहाल रकमको १० (दस) प्रतिशत घर वहालकर लिने ।

२ <u>मनोरन्जन करः</u>

प्रदेश कानुन बमोजिम लगाइनेछ।

| सि न | विवरण | दर रु. |
|---|---|---|
| १ | चलचित्र प्रर्दशन गर्दा दर्शकहरुको प्रवेश शुल्कमा | ५% |

| | | |
|---|---|---|
| २ | साँस्कृतिक प्रदर्शन,नाटकघर भिडियोघर,थियटर, पार्क आदिको प्रवेश शुल्कमा | ५% |
| ३ | तीन महिनासम्म जादु सर्कस मेला संचालन गराएबापत प्रतिदिन | १०० |
| ४ | तीन महिना भन्दा बढी जादु सर्कस मेला वा मनोरंजन प्रदायक कार्यकम संचालन गराएबापत मासिक | ५००० |

३ सम्पति मूल्यांकन दस्तूर: सम्पति मूल्यांकन दस्तूर मुल्यांकन कायम हुन आएको मुल्यको ०.१ प्रतिशतका दरले लिने ।

४ घर निर्माण नक्सापास दस्तूर: घर निर्माण नक्सापास दस्तुर निम्न वमोजिम लिने ।

क) निवेदन फाराम रू.१००।०० लिने

ख) ढलान गरी निर्माण गरिने घरलाई

प्रतिवर्गफिट भुईतल्ला रू. २।००, पहिलो तल्ला रू. ३।००, दोश्रो र सो भन्दा माथिको तल्लाहरूको रू.४।००, ढलान नगरी निर्माण गरिने घरलाई प्रति वर्गफिट रू. १।०० र माटोको जडान घर निर्माण गर्नेलाई प्रतिवर्गफिट रू.०.५० नक्सापास दस्तुर लिने ।

साथै भवन निर्माण सम्बन्धि नयाँ मापदण्ड नआउन्जेल सम्मलाई **भवन निर्माण सम्बन्धि मापदण्ड २०७२** लाई नै निरन्तरता दिने ।

ग) नक्सा नामसारी तथा नविकरण वापत प्रत्येक पटकको लागि रू.५००।०० दस्तुर लिने।

घ) साविक घरमा परिवर्तन नहुने गरी मर्मत गर्नु परेमा रू.१००।०० दस्तूर लिने ।

ञ) नक्सापास सम्बन्धी नक्सापास प्रमाणपत्रको रू.२००।०० र पास भएको नक्साको रू. ३००।०० दस्तूर लिई प्रतिलिपी दिने।

५ चारकिल्ला प्रमाणित दस्तूर: चारकिल्ला प्रमाणित सिफारिस दिंदा प्रति कित्ता निम्न वमोजिम क्षेत्रफल भएको जग्गाहरूमा निम्न वमोजिम सेवा शूल्क लिने ।

| सि.नं. | विवरण | रकम (रु) |
|---|---|---|
| १ | १ किता सम्मको जग्गाको | १००.०० |
| २ | २ किता सम्मको जग्गाको | १००.०० |
| ३ | २ किता भन्दा बढी ५ किता सम्मका | १००.०० |
| ४ | ५ किता भन्दा बढी १० किता सम्मका | १००.०० |
| ५ | १० किता भन्दा बढी जतिसुकै भएपनि | २००.०० |

६ निवेदन दस्तूर: कुनै पनि साधारण निवेदनहरूमा निवेदन दस्तुर लिईने छैन ।

७ यस गाउँपालिकामा कर, दस्तुर, महशुल आदी वुझाएको भनी लिएको प्रमाणपत्रहरु आदि हराएमा रु.५०.०० लिई अर्को प्रतिलिपी प्रमाणपत्र दिईनेछ।

८ सेवा शुल्क तथा सिफारिस दस्तूर : गाउँपालिकाबाट उपलव्ध गराउने सिफारिसहरूको निम्न वमोजिम निवेदन फाराम दस्तूर र सिफारिस दस्तूर लिने ।

| सि.नं. | विवरण | सिफारिस दस्तूर रू. |
|---|---|---|
| १ | नाता प्रमाणित | निःशुल्क |
| २ | धारा/विजूली | निःशुल्क |
| ३ | नाम, थर जन्ममिति वतन आदि सच्याउने | निःशुल्क |
| ४ | जग्गा/मोही नामसारी/जग्गा दर्ता/गूठी/रैकर आदि | १००.०० |
| ६ | जग्गा खरिद विक्रीमा घर,वाटो प्रमाणित | १००.०० |
| ७ | कालोपत्रे मोटरवाटो भएको छ भनि गरिने सिफारिसमा | १००.०० |
| ८ | अन्य मोटरवाटो भएको छ भनि गरिने सिफारिसमा | १००.०० |
| ९ | आयश्रोत प्रमाणितको सिफारिसमा वार्षिक आयको हिसावले | वार्षिक हुन आउने रकमको ०.१ प्रतिशतका दरले |
| १० | रूख काट्नको लागि सिफारिस दिंदा प्रति रूख | १००.०० |
| ११ | बहाल करको लेखा जोखा सिफारिस गर्ने | १००.०० |
| १२ | नागरिकता तथा नागरिकताको प्रतीलिपी सिफारिस | निःशुल्क |
| १३ | बन्द घर तथा कोठा खोल्न रोहबरमा बस्ने | १००.०० |
| १४ | मोही लगत कटा सिफारीश | १००.०० |
| १५ | घर जग्गा करको लेखाजोखा सिफारिस गर्ने | १००.०० |
| १६ | जन्ममिति प्रमाणित गर्ने | निःशुल्क |
| १७ | व्यापार व्यवसाय संचालन वा बन्द भएको सिफारिश | ३००.०० |
| १८ | विवाह प्रमाणित तथा अविवाहित प्रमाणित | निःशुल्क |
| १९ | निःशुल्क वा सःशुल्क स्वास्थ्य उपचारको सिफारीस | निःशुल्क |
| २० | घर पाताल प्रमाणित | निःशुल्क |
| २१ | व्यक्तिगत विवरण प्रमाणित गर्ने | निःशुल्क |
| २२ | जग्गाधनी दर्ता प्रमाणपुर्जामा घर कायम गर्न सिफारीश गर्ने | १००.०० |
| २३ | आर्थिक अबस्था कमजोर / सम्पन्न सम्बन्धी सिफारिश | निशुल्क/१००.०० |
| २४ | कुनै व्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक फरक भएको भए सो व्यत्ति एकै हो भन्ने सिफारिश गर्ने | निःशुल्क |
| २५ | नाम, थर, जन्म मिति संशोधनको सिफारिश गर्ने | निःशुल्क |
| २६ | जग्गा धनी दर्ता प्रमाणपुर्जा हराइएको सिफारिश गर्ने | निःशुल्क |
| २७ | कित्ताबाट गर्न सिफारिश गर्ने, | निःशुल्क |
| २८ | संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यत्तीगत संरक्षक सिफारिश गर्ने | संस्थागत २००।०० व्यक्तिगत ५०।०० |
| २९ | जीवितसंगको नाता प्रमाणित गर्ने | निःशुल्क |
| ३० | मूत्कसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिश गर्ने | निःशुल्क |
| ३१ | जीवित रहेको सिफारिश गर्ने | १००.०० |
| ३२ | ह्कवाला वा हकदार प्रमाणित गर्ने | १००.०० |
| ३३ | नामसारी गर्न सिफारिश गर्ने | १००.०० |

| | | |
|---|---|---|
| ३४ | जग्गाको हक सम्बन्धमा सिफारिश गर्ने | १००.०० |
| ३५ | उधोग ठाउसारी गर्न सिफारिश गर्ने | ५००.०० |
| ३६ | आधारभुत विद्यालय खोल्न वडाबाट सिफारिस गर्ने | निजी १०००.००<br>सरकारी १००.०० |
| ३८ | विद्यालयको कक्षा थप गर्न वडाबाट सिफारिस गर्ने | निजी १०००.००<br>सरकारी १००.०० |
| ३९ | नयाँ विद्यालय दर्ताको लागि दस्तुर | निजी ५०००.००<br>सरकारी निःशुल्क |
| ४० | विद्यालयमा कक्षा थप गर्ने वापतको दस्तुर | निजी ५०००.००<br>सरकारी निःशुल्क |
| ४१ | संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको आधारभुत तह कक्षा-८ उत्तीर्णको लागि परीक्षा दस्तुर प्रति विद्यार्थी | ३०० |
| ४२ | यसमा उल्लेख भएको बाहेक अन्य सिफारीस | निःशुल्क |
| ४३ | घटना दर्ता सम्बन्धि जरिवाना | संघीय कानुन बमोजिम |
| ४४ | लेखत दस्तुर (कपाली तमसुक दर्ता) | २००.०० |
| ४५ | वडा वा गा.पा. कार्यलयबाट व्यवसाय दर्ताको सिफारिस गर्ने | ५०० |
| ४६ | जग्गा मुल्याङ्कन सिफारिश गर्ने | ०.१ प्रतिशत |

नोट : १) योजनाहरू, छात्रवृत्ति, आर्थिक सहायता, निशूल्क स्वास्थ्य उपचार, दैवीप्रकोप र जेष्ठनागरिक भत्ता प्राप्तको लागि गरिने मन्जूरनामाको सिफारिस आदी सिफारिसमा सिफारिस दस्तुर छुट दिने ।

२) यस गाउपालिकावाट गरिने सम्पत्ती मुल्यांकन र आयश्रोत प्रमाणित सिफारिस वाहेक अन्य सिफारिसमा अंग्रेजीवाट सिफारिस दिंदा तोकिएको सिफारिस दस्तुरमा थप सत प्रतिशत दस्तूर लिने ।

३) यहा व्यवस्था नभएका अन्य सिफारिसको हकमा कार्यपालिकाले निर्णय गरे बमोजिम हूने छ ।

९ भूमि कर (मालपोत) :

| क.सं | विवरण | दररेट रु. |
|---|---|---|
| १ | खेति योग्य जग्गा प्रति कट्ठा | ५.०० |
| २ | ग्राभेल भएको बाटोसंग छोएको प्रति कट्ठा | ५.०० |
| ३ | कालोपत्रे बाटोसंग छोएको प्रति कट्ठा | ५.०० |
| ४ | पानीपोत (निजी पोखरी पानी कर) प्रति कठ्ठा | ५.०० |

१० सवारी साधन कर:

(क) वार्षिक सवारीकर निम्न अनूसार लिने ।

| सि.नं. | विवरण | वार्षिक रू. |
|---|---|---|
| | **इ-रिक्सा** | **५००.००** |

११ पार्किङ्ग शूल्क : पार्किङ्ग शूल्क निम्न अनूसार लिईनेछ ।

(क) गाँउपालिका क्षेत्र भित्र प्रवेश गर्ने सवारी साधनहरुलाई व्यवस्थित पार्किङ्गको व्यवस्था गरेमा सो

स्थानमा पार्क गरे वापत बस, ट्रक, आदीमा एक पटकमा रु.१०।०० पार्किङ्ग शुल्क लिईने छ ।
(ख)कुनै पनि सवारी साधनले निजी स्वामित्वमा रहेको स्थानमा पार्किङ्ग गरेको अवस्था वाहेक गाँउपालिका क्षेत्र भित्रका सार्वजनिक स्थानहरु सडकको छेउ आदी स्थानमा १५ मिनेट भन्दा बढी समयको लागि पार्किङ्ग गरेमा प्रत्येक पटकमा रु.५।०० पार्किङ्ग शुल्क लिने छ । यस्तो शुल्क प्रत्येक २४ घण्टामा थप लाग्दै जाने छ ।

१२ <u>व्यवसाय कर:</u> व्यवसाय कर निम्न अनुसार लिनेछ ।

| सि.नं | विवरण | श्रेणी वर्गिकरण | | |
|---|---|---|---|---|
| | | क(रू) | ख (रू) | ग (रू) |
| १ | होटेल/लज/रेष्टुरेन्ट<br>५ कोठा भन्दा बढी कोठा भएको लज तथा खाना भएको होटेललाई (क)<br>माछा मासु होटेल (क)<br>• लज मात्र भएको लजलाई (ख)<br>• साधारण खाना,नास्ता,लज भएकोलाई (ख)<br>• रेष्टूरेन्ट अथवा होटेल मात्र भएकोलाई (ग)<br>• १० कोठा भन्दा माथि ए.सी. भएको होटेल, रेष्टुरेन्टको रू. २०००।०० | ३००० | ५००० | १०००० |
| २ | मासू पसल<br>• रांगाको समेत सवै प्रकारका मासू मात्र बेच्नेलाई (क)<br>• खसी र कूखूरा बेच्नेलाई (क)<br>• रांगा वाहेक खसी वोका सहितको मासू बेच्नेलाई (ख)<br>• रांगा खसी, वोका वाहेकको मासू मात्र बेच्ने लाई (ग) | १०००० | ७०० | ५०० |
| ३ | मदिरा पसल<br>• ईजाजत प्राप्त थोक मदिरा पसललाई (क)<br>• ईजाजत प्राप्त खुद्रा मदिरा पसललाई (ख) | १०००० | ५००० | |
| ४ | कोल्ड्रिंक्स पसल | ५०० | | |
| ५ | सून चांदी गहना पसल<br>• आफनै सून चांदी लिई वनाउने र बेच्नेलाई (क)<br>• अरूको सून चांदी लिई वनाउनेलाई (ख) | १२०० | ७०० | |
| ६ | रेडियो/मोवाईल विक्री तथा मर्मत | २००० | | |
| ७ | संचार सेवा | १००० | | |
| ८ | घडि विक्री तथा मर्मत | २०० | | |
| ९ | केवल टि.भि.सेवा | ५००० | | |
| १० | फोटो स्टूडियो<br>• कलर ल्यावलाई (क)<br>• फोटो स्टूडियोलाई (ख) | १००० | ५०० | |
| ११ | हजाम | ५०० | | |
| १२ | टेलरिंग | ५०० | | |
| १३ | जूत्ता पसल<br>• जूत्ता सिलाई र बेच्नेलाई (क) | २००० | १५० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • जूत्ता मर्मत मात्र गर्नेलाई (ख) | | | | |
| | १४ | मोटर वर्कशप<br>• गाडीको वडी वनाउने तथा मर्मत गर्ने (क)<br>• मोटरसाईकल सहित विभिन्न सवारी साधन मर्मत गर्ने(क)<br>• मोटरसाईकल मात्र मर्मत गर्नेलाई (ख)<br>• सम्पुर्ण सवारी साधन मर्मत र पार्टस बेच्नेलाई (क)<br>• सम्पुर्ण सवारी साधन मर्मत गर्नेलाई (ख)<br>• गाडीहरू मर्मत र पार्टस बेच्नेलाई (ख)<br>• गाडी मर्मत मात्र गर्नेलाई (ग)<br>• मोटरसाईकल मर्मत र पार्टस बेच्नेलाई (ख)<br>• मोटरसाईकल मर्मत मात्र गर्नेलाई (ग) | ३००० | २००० | १००० | |
| | १५ | छापाखाना<br>• अपसेट प्रेसलाई (क)<br>• साधारण प्रेसलाई (ख) | २००० | १००० | | |
| | १६ | स्वास्थ्य सेवा<br>• अस्पतालाई (क)<br>• पोली क्लिनीकलाई (ख)<br>• थोक मेडिकललाई (ख)<br>• मेडिकललाई (ग) | १०००० | ६००० | २००० | |
| | १७ | मेटल वर्कशप | २००० | | | |
| | १८ | काष्ठ उद्योग<br>• काठ चिरानी मेशिन सहित काठहरूको विभिन्न फर्निचर र अरू काठहरूको झयालढोका आदी वनाउनेलाई (क)<br>• कूनै एक मात्र वनाउनेलाई (ख) | ५००० | २५०० | | |
| | १९ | ईटा भट्टा र ईटा डिपो<br>• ईटा भट्टालाई (क)<br>• ईटा डिपोलाई (ख) | २०००० | १०००० | | |
| | २० | कम्प्युटर ईन्स्टिच्युट | १००० | | | |
| | २१ | दाउरा डिपो | १००० | | | |
| | २२ | पान पसल | ५०० | | | |
| | २३ | बेकरी उद्योग र बेकरी पसल<br>• उद्योगलाई (क)<br>• पसललाई (ख) | १५०० | ८०० | | |
| | २४ | तरकारी र फलफूल पसल | ५०० | | | |
| | २५ | चिया पसल | ५०० | | | |
| | २६ | मिलहरू<br>• १० हर्ज पावर भन्दा माथिको क्षमताको मिललाई (क)<br>• सो भन्दा कम हर्ज पावर क्षमताको मिललाई (ख) | २००० | १००० | | |
| | २७ | पेट्रोल पम्प | १०००० | | | |
| | २८ | साईकल भाडा तथा मर्मत | २०० | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | २९ | ठेकेदार<br>• नेपाल सरकारको ईजाजत प्राप्त क वर्गको ठेकेदारलाई (क)<br>• नेपाल सरकारको ईजाजत प्राप्त ख वर्गको ठेकेदारलाई (ख)<br>• नेपाल सरकारको ईजाजत प्राप्त ग वर्गको ठेकेदारलाई (ग)<br>• नेपाल सरकारको ईजाजत प्राप्त घ वर्गको ठेकेदारलाई रू.२०००।०० | १०००० | ५००० | ३००० | |
| | ३० | कपडा पसल १० लाख भन्दा बढी पुंजी भएको (क)<br>५ लाख भन्दा १० लाख सम्म (ख)<br>५ लाख भन्दा कम पुजी भएको (ग) | ५००० | ३००० | २००० | |
| | ३१ | किराना पसल<br>• थोक सहितको किराना पसललाई (क)<br>• पचासहजार भन्दा बढी लगानी भएको किराना पसललाई (ख)<br>• सो भन्दा कम लगानी भएको किराना पसललाई (ग) | ५००० | ३००० | १५०० | |
| | ३२ | खाद्य पसल<br>• थोक सहितको खाद्य पसललाई (क)<br>• खूद्रा मात्रको खाद्य पसललाई (ख) | ५००० | ४००० | | |
| | ३३ | भांडा पसल<br>• धातू तथा प्लाष्टिकका भाँडा तथा सामान बेच्नेलाई (क)<br>• धनुषा जिल्लामा उत्पादन भएको माटोको भाँडा वाहेक अन्यत्रवाट ल्याएर विक्री गर्ने माटोको भाँडा तथा सामान बेच्नेलाई (ख) | १००० | नि:शुल्क | | |
| | ३४ | चूरा धागो तथा श्रृङ्गारका सामान पसल<br>• थोक सहितको पसललाई (क)<br>• पचासहजार भन्दा वढी लगानी भएको पसललाई (ख)<br>• सो भन्दा कम लगानी गर्ने पसललाई (ग) | २००० | १००० | १०० | |
| | ३५ | कूखुरा पालन<br>• एकहजार भन्दा वढी कूखुरा पाल्नेलाई (क)<br>• एकहजार भन्दा कम कूखुरा पाल्नेलाई (ख) | ५००० | २००० | | |
| | ३६ | तैयारी पोशाक पसल | ३००० | | | |
| | ३७ | तैयारी जूत्ता पसल | ३००० | | | |
| | ३८ | दन्त क्लिनिक | ३००० | | | |
| | ३९ | हार्डवेयर पसल | १०००० | | | |
| | ४० | ईलेक्ट्रिक पसल | ५००० | | | |
| | ४१ | कानूनी फर्म | २००० | | | |
| | ४२ | साईन वोर्ड पेन्टीङ्ग | ५०० | | | |
| | ४३ | फर्निचर एण्ड फर्निसिंग पसल | ५००० | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ४४ | स्टेशनरी पसल<br>• खेलकुदका सामग्री सहित भएकोलाई (क)<br>• स्टेशनरी मात्र भएको लाई (ख) | २००० | ३०० | | |
| | ४५ | जडीबूटी खरिद बिक्री पसल | १५०० | | | |
| | ४६ | लेखापरीक्षक | २५०० | | | |
| | ४७ | टेलिभिजन पसल | २००० | | | |
| | ४८ | अन्य उद्योग व्यवसाय दर्ता वा नविकरण वा व्यवसाय कर<br>• २० लाख भन्दा बढी लगानी भएकोलाई (क)<br>• एकलाख पचास हजार देखि २० लाख सम्म लगानी भएकोलाई (ख)<br>• एकलाख पचास हजार भन्दा कम लगानी भएकोलाई (ग) | ५००० | ३००० | २००० | |
| | ४९ | विज्ञापन सेवा वा एजेन्ट | ५०० | | | |
| | ५० | पशू वधूशाला | १००० | | | |
| | ५१ | अन्तरराष्ट्रिय गैरसरकारी संस्था (शाखा कार्यालय समेत) | १०००० | | | |
| | ५२ | वित्तिय सेवा<br>• नेपाल सरकारको पुर्ण स्वामित्व रहेको वाहेक आर्थिक कारोवार गर्ने वाणिज्य वैंक (क)<br>• वित्तिय संस्थाको शाखा कार्यालय (ख)<br>• ऋण तथा बचत सहकारी संस्था (ग) | २०००० | १५००० | १०००० | |
| | ५३ | नीजि स्कुल | १०००० | | | |
| | ५४ | सिनेमा हल<br>• सिनेमा हललाई (क)<br>• भिडियो हललाई (ख) | ८००० | ५००० | | |
| | ५५ | चस्मा पसल | १००० | | | |
| | ५६ | शिलाई मेशिन बिक्री तथा मर्मत गर्ने पसल | १००० | | | |
| | ५७ | रेफ्रिजेरेटर मर्मत | १००० | | | |
| | ५८ | दूग्घ डिपो/पसल | १००० | | | |
| | ५९ | व्यूटि पार्लर | १००० | | | |
| | ६० | सप्लायर्स | ५००० | | | |
| | ६१ | टेलिफोन टावर राखि संचार सेवा उपलव्ध गराउने संस्थालाई | ५००० | | | |
| | ६२ | जग्गा विकास/हाउजिङ्ग | १०००० | | | |
| | ६३ | म्यानपावर सेवा | ७००० | | | |
| | ६४ | क्याटेरिङ्ग सेवा | २००० | | | |
| | ६५ | यस गाउँपालिकामा निर्माण सम्बन्धी कार्य बस्तु तथा सेवा सप्लाई सम्बन्धी कार्य, कन्सल्टेन्सी सम्बन्धी तथा गैर सरकारी सम्बन्धी कारोवार गर्ने सहकारी संस्था, गैर सरकारी संस्था तथा प्रचलित दर्ता भएको अन्य संस्था सुचिकृत को लागि | ५०० | | | |
| | ६६ | मार्वल / टायल पसल | ६००० | | | |

| | | | | |
|---|---|---|---|---|
| ६७ | सवारी साधनको शो रूम<br>• गाडीको शोरूम (क)<br>• मोटरसाईकलको शोरूम (ख)<br>• ट्रैक्टर तथा अन्य मेशिनरीको शोरूम (ग) | १०००० | ६००० | ४००० |
| ६८ | माथि उल्लेख भएको वाहेक अन्य व्यवशाय,सेवा आदीहरूमा स्थानीय स्वायत्त शासन नियमावली,२०५६ को अनूसूची १० को दफा १९ मा तोकिएको हद भित्र रहेर कर असूली गर्ने । | | | |
| ६९ | कृषि सामग्रीको पसल / भेटेनरी सम्बन्धी पसल | २००० | | |
| ७० | आईस क्रिम पसल | ५०० | | |
| ७१ | दाना उद्योग | ५००० | | |
| ७२ | तारजाली वनाउने उद्योग | ५००० | | |
| ७३ | कृषि व्यवशाय (वंगूर, माछा, गाई पालन) | ५००० | | |
| ७४ | नीजि कलेज | ८००० | | |
| ७५ | ब्लक उद्योग | १५०० | | |
| ७६ | मिनरल वाटर उद्योग | ५००० | | |
| ७८ | पानी टयांकर | ५०० | | |
| ७९ | ग्यास डिपो | ५००० | | |
| ८० | कोल्डस्टोर (शितभण्डार) | १०००० | | |

नोट :

१) यस्मा डिलर, एजेन्ट, डिपो, सव डिलर आदी वाहेक अन्य पसल, उद्योग, व्यवशायको हकमा कसैले एउटै पसलमा धेरै आईटम राखि पसल वा व्यवशाय गरेको छ भने सवै आईटम मध्ये कुनै एकको मात्र कर लिने छ तर यस्मा सवै आईटम मध्ये जुन आईटमको कर रकम वढी छ सोहीलाई कायम गरी कर असुल गरिनेछ ।

२) म्याद भित्र नवुझाउने कुनै पनि करदाताहरुवाट बुझाउनु पर्ने सम्पूर्ण व्यवशायकर र प्रतिवर्ष १० प्रतिशतका दरले जरिवाना सहित व्यवशायकर असुल गरिनेछ ।

## १३ सरसफाई शूल्क :

| क्र.सं. | विवरण | न्युनतम |
|---|---|---|
| १ | आवासिय घर २ तला सम्म | १००.०० |
| २ | आवासिय घर २ तला माथी | १५०.०० |
| ३ | होटल, लज सहितको व्यवसायिक | १०००.०० |
| ४ | होटल, सानो चिया नास्ता | ३००.०० |
| ५ | मासु पसल रांगा / खसी | ३००.०० |
| ६ | मासु पसल कुखुरा | ४००.०० |
| ७ | सैलुन | १००.०० |

| | | | | |
|---|---|---|---|---|
| | ८ | तरकारी, फलफुल | २००.०० | |
| | ९ | पान पसल | ५००.०० | |
| | १० | माछा पसल | १००.०० | |
| | ११ | किराना होलसेल पसले | ४००.०० | |
| | १२ | किराना खुद्रा पसल | २००.०० | |
| | १३ | फेन्सी, मोबाईल, साईबर, कपडा, घडी पसल, चुरा धागो | १००.०० | |
| | १४ | सुन पसल | २००.०० | |
| | १५ | स्कुल, क्याम्पस सरकारी | २००.०० | |
| | १६ | स्कुल, क्याम्पस नीजि होस्टेल सहित | ५००.०० | |
| | १७ | स्कुल, क्याम्पस नीजि | ३००.०० | |
| | १८ | कार्यालय सरकारी | ३००.०० | |
| | १९ | कार्यालय नीजि, संघसंस्था | ४००.०० | |
| | २० | उद्योग ठुलो व्यवसायिक | १०००.०० | |
| | २१ | उद्योग घरेलु, साना छाला जुत्ता, झोला | २००.०० | |
| | २२ | धान, च्यरा, तेल मिल आदि | ५००.०० | |
| | २३ | फर्निचर उद्योग | ४००.०० | |
| | २४ | बस, माइक्रो काउन्टर | २००.०० | |
| | २५ | हस्पीटल, पोलिक्लिनिक सुई सिरिन्ज बाहेक | १५००.०० | |
| | २६ | मेडिकल हल, एग्रो भेट | ५००.०० | |
| | २७ | कुखुरा फर्म ठुलो ५०० भन्दा बढी | ६००.०० | |
| | २८ | कुखुरा फर्म सानो ५०० भन्दा कम | ३००.०० | |
| | २९ | हार्डवयर, भाडापसल | ३००.०० | |
| | ३० | स्टेशनरी पसल | १००.०० | |
| | ३१ | कापी उद्योग, छापाखाना | ५००.०० | |
| | ३२ | मोटर वर्कशप | १०००.०० | |
| | ३३ | साईकल, मोटरसाईकल वर्कशप | ५००.०० | |
| | ३४ | मोटर, मोटरसाईकल सोरुम | ३००.०० | |
| | ३५ | मेटल वर्कशप, मोटर पार्टस, वर्कशप | ४००.०० | |
| | ३६ | टायर रिसोलिङ | १०००.०० | |
| | ३७ | बैंक | ५००.०० | |
| | ३८ | सहकारी संस्था | ३००.०० | |
| | ३९ | टेलरिङ पसल | ४००.०० | |
| | ४० | इट्टा विक्रि केन्द्र, भट्टा | २००.०० | |
| | ४१ | पेटोल पम्प | ३००.०० | |
| | ४२ | मदिरा पसल | ३००.०० | |
| | ४३ | टिभि, इलेक्टिक तथा मर्मत पसल | ४००.०० | |
| | ४४ | हस्तकला, आर्टस, प्लेक्स | २००.०० | |
| | ४५ | सिनेमा हल, पार्टी प्यालेस, क्याटरिङ | १०००.०० | |
| | ४६ | दुध डिपो | ३००.०० | |
| | ४७ | व्युटी पार्लर | ३००.०० | |

| | | |
|---|---|---|
| ४८ | सिलाई मेसिन पसल तथा मर्मत | ३००.०० |
| ४९ | कुखुरा बाहेक कृषि फर्म | ३००.०० |
| ५० | अन्य | ३००.०० |

१५ भाडा: यस गाउपालिकामा रहेको हल तथा प्रोजेक्टर प्रयोग गरे वापत प्रति दिन रू.२००० (दुई हजार) भाडा लिई उपलब्ध गराउने

१६ विज्ञापन कर : ठेक्का प्रकृया द्धारा विज्ञापनकर उठाउनको लागि देहाय अनूसार दररेट निर्धारण गरी विज्ञापनकर कर लिने ।

(क) सववोर्ड प्रति वर्गफिट रू. ४०/००
(ख) होडिंगवोर्ड प्रति वर्गफिट रू. ७५/००
(ग) ग्लोसाईनवोर्ड प्रति वर्गफिट रू. ९०/००
(घ) भित्तेलेखन/सटर पेन्टिंग प्रति वर्गफिट रू. २०/००
(ञ) ब्यानर प्रति हप्ता रू. १००/००
(च) पोलबोर्ड प्रति गोटा प्रति वर्ष रू. १,०००/००
(छ) डिजिटल बोर्ड प्रति वर्गफिट रू. २००/००

**१७. सार्वजनिक शौचालय :** नीजि क्षेत्र संग साझेदारी माध्यमवाट शुल्क निर्धारण गरी संचालन गर्ने ।

**१८. जडीबुटी कर :** प्रचलित नियमानुसार ।

**१९ हाटबजार कर :**

| | |
|---|---|
| खुद्रा किराना प्रति बजार | १५.०० |
| खशी काट्ने बेच्ने प्रति गोटा | ५०.०० |
| हांस कुखुरा प्रति टेबल प्रति बजार | ५०.०० |
| मासु, माछा तथा खाजा खुद्रा बजारे व्यवसायी | ५०.०० |
| तरकारी थोक तथा प्रति टायर प्रति बजार | २५.०० |
| तरकारी खुद्रा प्रति छिटी | १०.०० |
| खुद्रा परचुन पसल प्रति बजार | १०.०० |
| खुद्रा रेडिमट कपडा पोशाक प्रति बजार | १०.०० |
| माछा विक्री पसल प्रति बजार | ५०.०० |
| छटा, टोकरी वेतवास झाड पसल | १०.०० |
| पशु गाई भैंसी गोरु प्रति जोडा विक्री | ५००.०० |
| खासी बाखाी विक्री | २५.०० |
| जुता, चप्पल पसल प्रति बजार | १५.०० |
| सैलुन हजाम प्रति बजार घुम्ती | १०.०० |
| भुजा मुरी कचरा पसल प्रति बजार | १०.०० |
| मिठा विक्री खुद्राप्रति बजार | १०.०० |
| यसमा उल्लेख बाहेक खुद्रा पसल प्रति बजार | १०.०० |

२० बहाल बिटौरी कर :

| | | |
|---|---|---|
| बहाल बिटौरी कर | टहरो छाप्रोको मासिक | २००.०० |

| | | |
|---|---|---|
| | घुम्ती मासिक | २००.०० |
| | ठेला मासिक | १००.०० |

२१ सम्पति कर

| | | | | |
|---|---|---|---|---|
| १ | सम्पति कर | रु १ देखि १००,००० सम्म | ३५.०० | |
| | | १००००१ देखि २००,००० सम्म | ६०.०० | |
| | | २००,००१ देखि ५००,००० सम्म | ११५.०० | |
| | | ५००,००१ देखि ७५०,००० सम्म | १५०.०० | |
| | | ७५०००१ देखि दश लाख रुपैया सम्म | २००.०० | |
| | | १००००००१ रुपैया देखि बीस लाख रुपैयासम्म | ३५०.०० | |
| | | २००००००१ रुपैया देखि तीस लाख रुपैयासम्म | ६००.०० | |
| | | ३००००००१ रुपैया देखि पचास लाख रुपैयासम्म | १000.०० | |
| | | ५००००००१ रुपैया देखि एक करोड रुपैया सम्म | २000.०० | |
| | | १०००००००१ रुपैया देखि दुइ करोड रुपैया सम्म | ४000.०० | |
| | | दुइ करोड रुपैयाक़ भन्दा माथी | ६000.०० | |

**पर्यटन स्थल प्रवेश शुल्कः** गाउँपालिका अन्तर्गत रहेका पर्यटकीय स्थलहरुको गाउपालिका क्षेत्र भित्र भन्दा बाहिरका व्यक्ति हरुलाई प्रवेश शुल्क प्रति व्यक्ति रु.५/ रहनेछ ।

आज्ञाले,

**प्रमाणिकरण मितिः- २०८२/०३/०७**

ई. मनोज कुमार साह

**राजपत्रमा प्रकाशित मितिः- २०८२/०४/०१**

प्रमुख प्रशासकीय अधिकृत